# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)

काठमाडौं, नेपाल

## एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस मैलुङ खोला जल विद्युत कम्पनी लिमिटेडको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१/०९/२८ गते, आइतबार (तद्अनुसार जनावरी १२, २०२५)

समय : विहान ११:०० बजे

स्थान : कुण्डलिनी दरबार ब्यांक्वेट, चण्डोल, महाराजगंज, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रस्तावहरू**

**साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समिति मा प्रतिनिधित्वो गर्ने सञ्चालकहरू (४ जना) को निर्वाचन गर्ने सम्बन्धमा
५. विविध

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरू ले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राही खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्वन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ ।
७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वय उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ ।
८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहानु भएको विषय बारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट :** निर्वाचन तथा अन्य आबश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।